"समृद्ध धनकुटा नगरको आधार स्थानीय उत्पादन खेलकुद पर्यटन र पूर्वाधार"

# धनकुटा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
धनकुटा

कोशी प्रदेश, नेपाल

प.स. ०८३/०८४
च.नं. ———

मितिः- २०८३/०६/१२
ने.सं. ११४६ यंलागाः द्वितीया, सोमबार

## सामुदायिक कुकुर बन्ध्याकरण शिविर सञ्चालन हुने सम्बन्धी सूचना ।

यस नगरपालिका क्षेत्रभित्र सामुदायिक कुकुरहरूका कारण स्थानीय समुदाय, ज्येष्ठ नागरिक, बालबालिका, पैदल यात्री, दुई पाङ्ग्रे सवारीका यात्रुहरू समेतलाई टोक्ने, टोक्न झम्टिने, होहल्ला गर्ने, खेदाउने गरेको जनगुनासो आएको साथै रेबिज रोगको संक्रमण हुन सक्ने जोखिम समेत रहेको छ ।

सामुदायिक कुकुरहरूको बढ्दो संख्या वृद्धि तथा गुनासोहरूलाई समेत सम्बोधन गर्न र पशु कल्याण समेतलाई ध्यान दिदैं विगत वर्षहरूमा झै चालू आर्थिक वर्ष २०८३/०८४ मा तपसिलको मिति, समय र स्थानमा सामुदायिक कुकुर बन्ध्याकरण शिविर सञ्चालन हुने भएकोले सामुदायिक कुकुरहरूको विवरण उपलब्ध गराउन, नियन्त्रणमा लिन र अन्य आवश्यक सहयोग गरिदिनुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल :-

मिति :-२०८३ साल असोज १५ गते बिहिबार देखि ऐ. २० गतेसम्म

स्थान :- भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, धनकुटाको डिस्पेन्सरी कक्ष

...................
दशरथ राई
प्रमुख प्रशासकीय अधिकृत

थप जानकारीको लागि

सुमन्ता याङखुङ ९८४२१०७०८०, डा. अनुप मगर ९७६१०१८९०२
तारणी श्रेष्ठ ९८४२०४०८९६, सुभाष राई ९८१७३१९०७८

नोटः सार्वजनिक स्थलमा भेटिएको कुकुरहरू घरपालुवा भए पनि सामुदायिक कुकुर सरह मानी नियन्त्रणमा लिइनेछ ।

# समुदायस्तरबाट सामुदायिक कुकुरको विवरण दिने फाराम

स्थानीय समुदायस्तरबाट विभिन्न मितिमा आएको गुनासोहरूलाई सम्बोधन गर्ने उद्देश्य सहित धनकुटा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, धनकुटाको आयोजनामा मिति २०८३/०६/१५ गते देखि २० गतेसम्म सामुदायिक कुकुर बन्ध्याकरण शिविर सञ्चालन हुने भएको तपाईहरूको घर, गाउँमा भएका सामुदायिक कुकुर बन्ध्याकरण गर्नका लागि तपसिल अनुसारको विवरण खुलाई तल दिईएको whatsApp number मा (सकेसम्म फोटो सहित) विवरण दिई सहयोग गरिदिनुहोला ।

- तथ्यांक दिने व्यक्तिको नामः ............................ सम्पर्क नम्बरः ....................................
- वडा नं.:............................टोल/क्षेत्रको नामः ...........................
- विशेष पहिचान/भेटिने स्थान (चोक, मन्दिर नजिक आदि): .........................
- लिङ्ग: [ ] भाले (Male) [ ] पोथी (Female) [ ] यकिन नभएको
- कानको चिह्न (Ear Notch/Tag): [ ] दायाँ कान [ ] बायाँ कान [ ] कुनै पनि छैन
- मानिसप्रतिको व्यवहारः [ ] मिलनसार / शान्त [ ] डराउने / भाग्ने [ ] आक्रामक (Aggressive)
- अन्य कुकुरहरूसँगको व्यवहारः [ ] घुलमिल हुने [ ] एक्लै बस्ने [ ] झगडा गर्ने
- खानाको स्रोतः [ ] स्थानीयले दिने खाना [ ] फोहोरको डंगुर / रेस्टुरेन्टको जुठो [ ] अन्य
- विशेष शारीरिक विशेषता वा खोट (चोटपटक, दाग, पुच्छरको आकार आदि

**WhatsApp को लागि सुभाष राई ९८१७३१९०७८**

धनकुटा नगरपालिका नगर कार्यपालिकाको कार्यालय धनकुटा २०७३

दशरथ राई
प्रमुख प्रशासकीय अधिकृत

# सामुदायिक कुकुर बन्ध्याकरण प्रक्रिया

१. सामुदायिक कुकुर रहेको स्थानको जानकारी स्थानीय नागरिकहरूबाट प्राप्त भए सोही स्थानमा जाने वा जानकारी नआएको खण्डमा प्राविधिक टोलीले सम्भावित स्थानमा जाने

२. सामुदायिक कुकुर रहेको स्थानमा प्राविधिक टोली पुगी कुकुरहरूलाई नियन्त्रणमा लिने र नियन्त्रणमा लिएको स्थान र कुकुरको विवरण राखिने ।

३. नियन्त्रणमा लिएका कुकुरहरूलाई शल्यक्रिया गर्ने स्थान/केन्द्रमा लैजाने र बेहोस बनाई भाले नसबंदी (Castration), पोथी बन्ध्याकरण (Ovariohysterectomy/Spay) गरिने

४. बन्ध्याकरण गरिसकेपश्चात कानको चिन्ह (Ear Notch) गरिने

५. सबै सामुदायिक कुकुरहरूमा रेबिज रोग विरुद्धको खोप लगाईने

६. शल्यक्रिया भएको सामुदायिक कुकुरहरूको पूर्ण होस आए पश्चात अवस्था हेरी कोही कसैले पाल्नको लागि Adopt गर्न चाहे निजलाई कुकुरको विवरण राखि कुकुर जिम्मा लगाई पठाईने

७. Adopt नभएका सामुदायिक कुकुरहरू नियन्त्रणमा लिएको स्थानमा नै लगी पूर्ण होस भएको अवस्थामा छोडिने र निरन्तर ५ दिनसम्म सो स्थानहरूमा प्राविधिक निगरानी राखिने

धनकुटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनकुटा
२०७३

थप जानकारीको लागि
सुमन्ता याङखुङ ९८४२१०७०८०
डा. अनुप मगर ९७६१०१८९०२
तारणी श्रेष्ठ ९८४२०४०८९६
सुभाष राई ९८१७३१९०७८

दशरथ राई
प्रमुख प्रशासकीय अधिकृत